हरिपुर्वा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर्वा, सर्लाही
प्रदेश नं. २, नेपाल

## यान्त्रिक उपकरण आपुर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति : (२०७५/०१/१४ गते)

१) यस नगरपालिकालाई आवश्यक पर्ने तपसिल बमोजिमको सवारी साधन सप्लाई गर्न इच्छुक र इजाजत प्राप्तफर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित भएको मिति देखि ३० औं दिनसम्म बोलपत्र फाराम यस कार्यालयमा सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखानम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व. २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र नियमानुसार को तपसिलमा उल्लेख वोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी ) निवेदन साथ पेश गरेपछी नियमानुसार बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

३) खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा उपस्थित भई शिलबन्दी बोलपत्र दर्ता गराउन सकिने छ ।

४) बोलपत्र फारमसाथ जमानत वापतको रकम यस नगरपालिका कार्यालयको नाममा हरिपूर्वा स्थित एन.आई.सी. बैकमा रहेको धरौटी खाता नं. ०५०८५०९५२४०७ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको राजस्व शाखामा दाखिला गरेको नगदी रसिद वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यताप्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

५)दर्ता हुनआएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा ३१ औं दिनको २:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६)प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन । वोलपत्रमा प्रत्येक आईटम दररेट भ्याटबाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७) बोलपत्रमा टिपेक्स प्रयोग गर्न पाईने छैन ।

८) म्याद नाघी आएको,रित नपुगे र शर्त राखि आएको बोलपत्र उपर कुनै करवाही गरिने छैन ।

९)बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

१०)बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

११)अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन२०६३ (संशोधित), तथा सार्वजनिक खरिद नियमावली २०६४(संशोधित) तथा अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१२)बोलपत्र सम्बन्धी थप जानकारीका लागी नगरपालिका कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ ।

| बोलपत्र/ठेक्का नं. | सामान/उपकरणको नाम | आवश्यक संख्या | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| ०४/२०७४/०७५ | डबल क्याब पिकअप (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १ (एक) | ३०००/- | ९५,०००। |

हरिपूर्वा नगरपालिका
नगर कार्यापालिकाको कार्यालय,हरिपूर्वा, सर्लाही